# मिथिला नगरपालिका
# स्थानीय राजपत्र

**खण्डः ६) धनुषा, बैशाख १३ गते,२०७९ साल (संख्याः१)**

## भाग-१

**नेपालको संविधानको धारा २२१ ले दिएको व्यवस्थापकीय अधिकारको प्रयोग गरी मिथिला नगरपालिका, धनुषाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

### सम्वत २०७८ सालको ऐन नं. ०१

# मिथिला नगरपालिकाको स्वास्थ्य ऐन,२०७८

**सभाबाट पारित मितिः** २०७८/१०/०९ **प्रमाणीकरण मितिः** २०७८/१०/१०

**प्रस्तावना** : स्वस्थ जीवनयापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई आत्मसाथ गर्दै ,मिथिला नगरपालिका भित्र कुनै पनि नागरिक स्वास्थ्य सेवाबाटबन्चित हुने अवस्था आउन नदिननगरपालिकामा उपलव्ध स्रोत साधनको समुचित प्रयोग गर्दै नेपालको संविधानले प्रत्याभुत गरेको निःशुल्क,आधारभूत स्वास्थ्य सेवालाई व्यवस्थितर प्रभावकारी बनाउन, स्वास्थ्य संस्था स्थापना, संचालन र अनुगमन कार्यलाई व्यवस्थित वनाउन तथा स्वास्थ्य सेवालाई सहज र गुणस्तरीय वनाउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ बमोजिम संविधानको अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित स्थानीय तहको स्वास्थ्य सम्बन्धी अधिकार कार्यान्वयनका लागि कानुनी व्यवस्था गर्न,

मिथिला नगरपालिकाको नगर सभाले यो ऐन बनएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१)यस ऐनको नाम मिथिला नगरपालिकाको "स्वास्थ्य ऐन २०७८" रहेको छ।

(२)यो ऐन नगर सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएपश्चात लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुगमन समिति" भन्नालेदफा १ ७ बमोजिम गठित अनुगमन समितिलाई जनाउनेछ ।

(ख) "आकस्मिक उपचार सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरूको जीवनलाई जोखिममुक्त गर्न, कुनै अंग गुम्न वा अशक्त हुने अवस्थावाट बचाउन आवश्यकता अनुसार तत्काले दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनु पर्छ।

(ग) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने नेपाल सरकारले तोकेका दफा ३ को उपदफा (२) बमोजिमका प्रबर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनुपर्छ।

(घ) "ऐन" भन्नाले मिथिला नगरपालिकाको स्वास्थ्यऐन, २०७८ लाई सम्झनुपर्छ।

(ङ) "कार्यपालिका" भन्नाले मिथिला नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(च) "गैह्र सरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले मिथिला नगरपालिका क्षेत्रभित्र प्रचलित कानून बमोजिम सरकारको स्वीकृति र संचालन अनुमति लिई गैह्र सरकारी, सहकारीतथा निजी लगानी वा स्वामित्वमा संचालन गरेका स्वास्थ्य संस्था सम्झनुपर्छ।

(छ) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित परिषदवाट अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ।

(ज) "जनस्वास्थ्य सेवा ऐन" भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ लाई सम्झनु पर्छ।

(झ) "जनस्वास्थ्य निरीक्षक" भन्नाले प्रचलित मापदण्ड बमोजिम योग्यता पुगेको जनस्वास्थ्य सम्बन्धी अनुगमनको लागि तोकिएको पदाधिकारी सम्झनुपर्छ।

(ञ) "जंक फुड" भन्नाले फ्याट, चिनी वा नुनको अत्यधिक मात्रा रहेको प्रशोधित खाद्य सामग्री सम्झनुपर्छ ।

(ट) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेका नियम, निर्देशिकावा मापदण्डमा तोकिएको प्रावधान सम्झनुपर्छ ।

(ठ) "नगरपालिका" भन्नाले मिथिला नगरपालिका सम्झनुपर्छ ।

(ड) "नगरपालिका क्षेत्र" भन्नाले मिथिला नगरपालिकाको भूभाग सम्झनुपर्छ।

(ढ) "निर्देशिका" वा "कार्यविधि" भन्नालेयस ऐनको कार्यान्वयन गर्न नगर कार्यपालिकाले जारी गर्ने निर्देशिका वा कार्यविधि सम्झनुपर्छ ।

(ण) "प्रमुख" भन्नाले मिथिला नगरपालिका प्रमुख सम्झनुपर्छ ।

(त) "बोर्ड" भन्नाले दफा ५५ बमोजिम गठित स्थानीय जनस्वास्थ्य बोर्डलाई सम्झनु पर्छ।

(थ) "व्यवस्थापन समिति" भन्नाले नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(द) "सरकारी स्वास्थ्य संस्था" भन्नाले मिथिला नगरपालिका क्षेत्र भित्र नगरपालिका, प्रदेश र संघले संचालन गरेका स्वास्थ्य संस्था सम्झनुपर्छ।

(ध)"सेवाग्राही" भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनुपर्छ।

(न)"सेवा प्रदायक" भन्नाले मान्यताप्राप्त शिक्षण संस्थावाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धित परिषदवाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता/स्वयंसेविका सम्झनुपर्छ र सो शव्दले स्वास्थ्य सेवा प्रदान गर्ने अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ।

(प) "स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका, इजाजतपत्र लिएका सरकारी, गैह्रसरकारी, निजी, सामुदायिक र सहकारी रुपमा संचालितदफा ६ र दफा १४ बमोजिमका स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

(फ)"शाखा" भन्नाले कार्यपालिकाको स्वास्थ्य सम्बन्धि शाखा सम्झनुपर्छ।

**परिच्छेद-२**

## आधारभूत स्वास्थ्य सेवा र सेवा प्रदायक

३. **आधारभूत स्वास्थ्य सेवा** :(१) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवा मा सहज र सुल भ पहुँच हुनेछ।

(२)नेपाल सरकारले तोकेका देहाय बमोजिमका शीर्षकका आधारभूत स्वास्थ्य सेवाहरू प्रत्येक नागरिकलाई निःशुल्क प्राप्त हुनेछ ।

(क) खोप सेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ,नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

(ग) सरुवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक बिकलङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धी सेवा,

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(छ) सामान्य आकस्मिक अस्वस्थताको सेवा

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा,

(झ) आयुर्वेद तथा अन्य मान्यताप्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ञ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा,

(३) नेपाल सरकारले निर्धारण गरेका उपदफा (२) बमोजिमका सेवामा स्थानीय आवश्यकता र उपलब्ध स्रोतसाधनका आधारमाआवश्यकता अनुसार कार्यपालिकाले स्थानीय राजपत्रमा सुचना प्रकाशित गरी आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ ।

(४)नेपाल सरकारले निर्धारण गरेको मापदण्डमा आधारित रही उपदफा(२) र (३) बमोजिमका आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन नगरपालिकाले गर्नेछ।

(५) उपदफा (२) मा उल्लेख गरिएका सेवाका अतिरिक्त स्थानीय आवश्यकता र अवस्था अनुसार अन्य स्वास्थ्य सेवा समेतमहिला, वालवालिका, जेष्ठ नागरिक अपांगता भएका व्यक्ती लगायत नगरपालिकाले तोकेको वर्ग, समुह, लिङ्गवा क्षेत्रका नागरिकलाई निःशुल्क उपलब्ध गराउन सक्नेछ।

४. **<u>आधारभूत स्वास्थ्य सेवा प्रदायक</u>**:(१) नगर पालिकाले देहाय बमोजिमका सरकारी स्वास्थ्य संस्था तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमबाट आधारभूत तथा अन्य स्वास्थ्य सेवा सुनिश्चित गर्न सक्नेछ ।

(क) गाँउघर क्लिनिक, खोप केन्द्र
(ख) शहरी स्वास्थ्य केन्द्र
(ग) आधारभूत स्वास्थ्य सेवा केन्द्र
(घ) स्वास्थ्य चौकी
(ङ) रक्त संचार केन्द्र
(च) ट्रमा सेन्टर
(छ) प्राथमिक स्वास्थ्य केन्द्र
(ज) आयुर्वेद औषधालय
(झ) नगर फार्मेसी/अस्पताल फार्मेसी
(ञ) आधारभुत अस्पताल/नगर अस्पताल
(ट) सामुदायिक अस्पताल
(ठ) नगरपालिकाले तोकेका अन्य स्वास्थ्य संस्था

(२)आधारभूत तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार नगरपालिकाले सरकारी, निजी, गैरसरकारी , सहकारी र सामुदायिक स्वास्थ्य संस्थासंग सहकार्य वा साझेदारी गर्न सक्नेछ।

(३) आधारभूत तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार नगरपालिकाले अन्य नगरपालिका र गाउँपालिकासंग सहकार्य गर्न सक्नेछ।

५. **<u>नगरपालिका स्वास्थ्य शाखा</u>** :(१)आधारभूत स्वास्थ्य सेवा तथा यस ऐन बमोजिमस्वास्थ्य सम्बन्धी नगरपालिकाको अन्य गतिविधि संचालन गर्नको लागि नगर कार्यपालिका मातहत एक स्वास्थ्य शाखा हुनेछ।

(२)स्वास्थ्य सेवा प्रवाह व्यवस्थित गर्न शाखा अन्तर्गत आवश्यकता अनुसार उपशाखा र इकाईहरू रहनेछन।

## परिच्छेद-३

## स्वास्थ्य संस्था स्थापना तथा संचालन

६. **स्वास्थ्य संस्था स्थापना र संचालनः** (१)नगरपालिका क्षेत्रभित्र आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि नगरपालिकाले देहायका स्वास्थ्य संस्था स्थापना तथा संचालनगर्न सक्नेछ।

(क) नगर अस्पताल वा आधारभुत अस्पताल
(ख) प्राथमिक स्वास्थ्य केन्द्र
(ग) स्वास्थ्य चौकी
(घ) नगर फार्मेसी, अस्पताल फार्मेसी,
(ङ) नगर क्लिनिक
(च) आयुर्वेद अस्पताल, क्लिनिक
(छ) रक्त संचार केन्द्र
(ज) ट्रमा सेन्टर
(झ) आधारभुत स्वास्थ्य सेवा केन्द्र
(ञ) शहरी स्वास्थ्य प्रवर्धन केन्द्र
(च) वर्थिङ सेन्टर
(छ) कार्यपालिकाले निर्णय गरी संचालन गर्ने अन्य स्वास्थ्य संस्था

(२) उपदफा(१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्युनतम मामदण्ड नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(३)नगरपालिकामा स्वास्थ्य सेवा संचालनको लागि आवश्यकता र औचित्यता अनुसार प्रत्येक वडामा कम्ति मा एक स्वास्थ्य संस्था रहने गरी नगरपालिकाले स्वास्थ्य संस्थाहरू स्थापना तथा संचालन गर्नेछ ।

(४) कार्यपालिकाले स्वास्थ्य सेवा सुलभ र सहज रुपमा संचालन गर्न स्थानीय आवश्यकता र औचित्यता अनुसार स्वास्थ्य सेवालाई एकिकृत रुपमा संचालन गर्न सक्नेछ।

(५)नगरपालिकाले उपदफा ( १) बमोजिमका स्वास्थ्य संस्थावाटआधारभूत स्वास्थ्य सेवाका अतिरिक्त अन्य स्वास्थ्य सेवा उपलब्ध गराउनसक्नेछ ।

(६) नगरपालिकाभित्र हरेकसरकारी अस्पतालले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यकनिःशुल्क औषधिहरुको नियमित उपलब्धता सुनिश्चित गर्नेछ।

(७) उपदफा (६)का साथै अन्य आवश्यक औषधिहरु नगरपालिकाले आफ्नै फार्मेसी मार्फत सुपथ मूल्यमा उपलब्ध गराउन सक्नेछ ।

(८) औषधि सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

७. **स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति :** (१)नगरपालिकाको स्वामित्व रहेका अस्पतालको व्यवस्थापनको लागि देहाय बमोजिमको एक अस्पताल व्यवस्थापन समिति हुनेछ ।

(क)नगरप्रमूख- अध्यक्ष
(ख) स्थानीय लब्ध प्रतिष्ठित समाजसेवी मध्येवाट कार्यपालिकाले तोकेको व्यक्ति-उपाध्यक्ष
(ग)कार्यपालिकाको स्वास्थ्य क्षेत्र हेर्ने संयोजक वा सदस्य- सदस्य
(घ) अस्पताल रहेको वडाको अध्यक्ष -सदस्य
(ङ) सामाजिक /स्वास्थ्य/शिक्षाक्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरू मध्येकार्यपालिकाले तोकेको एक महिला सहित २ जना-सदस्य
(च)महिला स्वयं सेविका मध्येवाट १ जना-सदस्य
(छ) अस्पतालमा कार्यरत चिकित्सक र नर्स मध्येवाट एक-एक जना-सदस्य
(ज)स्वास्थ्य शाखा प्रमुख(स्वास्थ्य संयोजक)-सदस्य
(झ) अस्पतालको प्रमुख- सदस्य सचिव

(२)नगरपालिकाको स्वामित्व रहेका अस्पताल बाहेकका अन्य सरकारी स्वास्थ्य संस्थाको व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ ।

(क) स्वास्थ्य संस्था रहेको सम्वन्धित वडाको अध्यक्ष- अध्यक्ष
(ख) स्थानीय लब्ध प्रतिष्ठित समाजसेवी मध्येवाट कार्यपालिकाले तोकेको व्यक्ति- उपाध्यक्ष
(ग) कार्यपालिकाको स्वास्थ्य क्षेत्र हेर्ने सदस्य- सदस्य
(घ) सामाजिक /स्वास्थ्य/शिक्षा क्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरू मध्ये एक महिला सहित २ जना- सदस्य
(ङ) वडा कार्यालयका सचिव -सदस्य
(च) महिला स्वयंसेविका मध्येवाट १ जना
(छ) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख -सदस्य सचिव

(३) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ वा कर्मचारीलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४)उपदफा (२) बमोजिमका स्वास्थ्य संस्थाको व्यवस्थापन समितिमा नगरपालिका प्रमुख/उपप्रमुख संरक्षक रहनेछन।

८. **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : व्यवस्थापन समितिको काम ,कर्तव्य र अधिकारः** व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,-

(क) स्वास्थ्य संस्थामा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिका बाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रबाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने ।

(ख) स्वास्थ्य संस्था बाट गुणस्तरीय, प्रभावकारी एवं दीगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने , गराउने।

(ग) स्वास्थ्य सेवाको पहुँचवाट वञ्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्न आवश्यक कार्यहरू गर्ने ।

(घ) भौगोलिक अवस्था, अल्पसंख्यक, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, विपन्न वर्ग , अपांगता, बालबालिका, किशोर किशोरी , महिला समूह समेतलाई मध्येनजर राखी स्वास्थ्य संस्थाको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।

(ङ) स्वास्थ्य संस्था को व्यवस्थापन र सञ्चालनको लागि आवश्यक स्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक वजेट तथा कार्यक्रम तयार गर्ने।

(च) स्वास्थ्य संस्था बाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन रसमीक्षा गरी सेवाको निरन्तर रूपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने।

(छ) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, मातृशिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रवन्ध मिलाउने ।

(ज) नगरपालिकाले तोके बमोजिम अति विपन्न, असहाय तथा अपाङ्ग ता भएका व्यक्तिहरूलाई निशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक प्रवन्ध मिलाउने ।

(झ) स्वास्थ्य संस्था मा कार्यरत जनशक्तिको क्षमता विकास र एवं वृत्ति विकासको लागि आवश्यक कार्य गर्ने।

(ञ) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत को क्षमता विकास व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(ट) स्वास्थ्य संस्थाको भौतिक सम्पत्तिको एकिन तथ्यांक अध्यावधिक गर्ने एवं सम्पत्तिको संरक्षण गर्ने , गराउने ।स्वास्थ्य संस्थाको भौतिक संरचना तथा मर्मत संभारको ब्यवस्थापन गर्ने।

(ठ) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन , औषधि, औजार उपकरण ) को लागि स्वास्थ्य संस्थाको नियमित स्व-मूल्यांकनका आधारमा आवश्यक स्थानीय वित्तीय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिसगर्ने।

(ड) स्वास्थ्य संस्थाबाट दिईने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

(ढ) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक , सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने ।रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

(ण) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा , कार्यान्वयन र अनुगमन गर्ने ।

(त) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्न्दै सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

(थ) विद्युतीय स्वास्थ्यको अवधारणा कार्यान्वयनका लागि नगरपालिका अन्तर्गतका नगरपालिका स्वास्थ्य समिति र स्वास्थ्य शाखासंग आवश्यक समन्वय गर्ने ।

(द) अघिल्लो वैठकले गरेका निर्णयहरूको कार्यन्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा संचालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरू समाधानका लागि नगरपालिका तथा सम्बन्धित निकायलाई पठाउने ।

(ध) नगरपालिकाले वनाएको आवधिक कार्यक्रम कार्यन्वयन, अनुगमन, समीक्षा र स्वास्थ्य संस्था को आवधिक तथा वार्षिक प्रगति प्रतिवेदन नगरपालिका समक्ष पेश गर्ने।

(न) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनबमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यन्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने ।

(प) नेपाल सरकार , प्रदेश सरकार र नगरपालिकाले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरु र नगरपालिकाले तोके बमोजिमका अन्य कार्यहरू गर्ने ।

मिथिला नगरपालिका

९. **पदाधिकारीहरुकोपदावधि** (१)व्यवस्थापन समितिका पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले पाँच वर्षको हुनेछ ।

तर, पदाधिकारीको पदावधि बाँकी रहँदै सम्बन्धित स्थानीय तहको निर्वाचन सम्पन्न भएमा समिति स्वत: समाप्त हुनेछ ।

(२) कुनै पनि व्यक्ति दुई कार्यकाल भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन ।

तर, पदेनको हकमा यो प्रावधान लागु हुने छैन ।

१०. **पदावधि रिक्त हुने**ः निम्न अवस्थामा पदाधिकारी तथा सदस्यहरुको पद रिक्त हुनेछ;

(क) मृत्यु भएमा,

(ख) राजिनामा दिएमा,

(ग) बिना सूचना लगातार तीनपटक समितिको वैठकमा अनुपस्थित भएमा।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरीएमा ।

(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको ठहर भएमा ।

११. **व्यवस्थापन समितिको कोष**ः (१)व्यवस्थापन समितिको नाममा एउटा छुट्टै कोष रहनेछ।

(२) उपादफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् र स्वास्थ्य संस्थाको खर्च सो कोषबाट व्यहोरिनेछ ।

*(क)* नगरपालिकाबाट प्राप्त रकम ।

*(ख)* सम्बन्धित स्वास्थ्य संस्थाको आम्दानी रकम ।

*(ग)* स्वदेशी व्यक्ति, दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

*(घ)* नेपालसरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम ।

*(ङ)* व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम ।

*(च)* अस्पतालले संचालन गरेको सेवा वापत प्राप्त रकम।

*(छ)* वैदेशिक अनुदान, संघ संस्था वा व्यक्तिवाट प्राप्त अनुदान वा सहयोग रकम ।

*(ज)* अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अगाडि प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्नेछ।

(४) स्वास्थ्य संस्थालाई प्राप्त हुने सवै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा आम्दानी बाध्नुपर्नेछ।

(५) व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

१२. **कोष तथा लेखा संचालन**ः(१) स्वास्थ्य संस्था को व्यवस्थापन समितिको आयव्यय दुरुस्त राख्ने जिम्मा सम्बन्धित स्वास्थ्य संस्था प्रमूख र लेखा प्रमुखको हुनेछ ।

मिथिला नगरपालिका

(२) स्वास्थ्य संस्था को आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुनेछ ।

(३)कोषको खाता संचालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंक तथा वित्तीय संस्थामा हुनेछ।

(४) खाता संचालन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतमा हुनेछ।

(५) कोष खाता र खर्च खाताबाट भएको आर्थिक कारोबारको उत्तरदायित्व , जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्बन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ ।

(६) स्वास्थ्य संस्था लाई आवश्यक पर्ने निर्माण , मालसामान, परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ ।

१३. **लेखा परीक्षण :**(१) व्यवस्थापन समितिले प्रचलित कानून बमोजिम आय व्ययको आन्तिरिक नियन्त्रण प्रणाली कायम गर्नेछ ।

(२) स्वास्थ्य संस्थाले प्रचलित कानून बमोजिम आन्तरिक लेखा परीक्षण गर्नुपर्नेछ।

१४. **स्वास्थ्य संस्था संचालन इजाजत लिनुपर्ने :**(१) नेपाल सरकारले निर्धारण गरेको न्युनतम मापदण्डका साथै न.पा. ले तोकिएको प्रक्रिया पुरा गरेको सुनिश्चित गरीनगरपालिका क्षेत्रभित्र निजी, गैरसरकारी, सामुदायिक वा सहकारी संस्थालाई नगरपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था संचालनको लागि इजाजतपत्र दिन सक्नेछ;

(क)अस्पताल(१५ शैयासम्म)

(ख) स्वास्थ्य क्लिनिक, आयुर्वेदिक क्लिनिक,होमियोप्याथी क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरू

(ग) औषधी पसल, फार्मेसी सेवा

(घ) फिजियोथेरापी केन्द्र, पुनर्स्थापना केन्द्र, प्राकृतिक उपचार केनद्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारिरीक व्यायम केनद्र, परम्परागत सेवा क्लिनिक र यस्तै प्रकारका क्लिनिक तथा सेवा केन्द्रहरू

(ङ) पुनर्स्थापना केन्द्र

(च) जरियाट्रिक परामर्श केन्द्र

(ज) प्रयोगशाला("डि र ई" वर्गको)

(झ) वैकल्पिक तथा प्राकृतिक चिकित्सा सम्बन्धि सेवा

(ञ) तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा

(२) इजाजतपत्र प्राप्त नगरी गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनैपनि कार्य गर्न पाउनेछैन ।

(३) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको वार्षिक प्रतिवेदन नगरपालिका समक्ष पेश गरी प्रत्येक आर्थिक वर्षमा दर्ता नवीकरण वा नवीकरण सिफारिस लिनुपर्नेछ।

(४) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा नगरपालिका क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा नगरपालिकालाई अग्रिम जानकारी गराउनुपर्ने छ।

(५)यो ऐन जारी हुनुअघि नगरपालिका क्षेत्र भित्र संचालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरू ऐन जारी भएको तीन महिना भित्रनगर पालिकाले तोकेको प्रकृया बमोजिम अनुमतिलिनु/दर्ता/ सुचिकृतगराउनुपर्नेछ।

(६)इजाजतपत्र सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. **<u>दर्ता सिफारिस लिनुपर्ने</u>**: (१) नगरपालिका क्षेत्रभित्र प्रादेशिक वा संघीय तहमा इजाजतपत्र लिई/दर्ता भई संचालन हुनेनिजी तथा गैरसरकारी स्वास्थ्य संस्थाले स्थापना तथा संचालन र नवीकरणको लागि नगर पालिकाबाट सेवा संचालन पुर्व अनुमति वा दर्ता र नवीकरण सिफारिश लिनुपर्नेछ।

(२)यसरी अनुमति वा दर्ता सिफारिस लिने निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाले मापदण्ड बमोजिमका शर्तका अतिरिक्त आफ्नो स्वास्थ्य संस्थामा १०% संख्यामा अनिवार्य रुपमा नगरपालिकाले सिफारिस गरेका असहाय, गरिव तथा विपन्न नागरिककोनिःशुल्क उपचार गर्नुपर्नेछ।

(३) नगरपालिका क्षेत्रभित्र संचालित स्वास्थ्यसंग सम्वन्धित शिक्षण संस्थाहरूनगरपालिकामासुचिकृत हुनुपर्नेछ।

## परिच्छेद-४

## <u>स्वास्थ्यसंस्थाको अनुगमन र गुणस्तर</u>

१६. **<u>गुणस्तर र पूर्वाधारको मापदण्ड पुरा गर्नुपर्ने</u>** :(१) नगरपालिकाले क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाको लागि नेपालसरकारले बनाएको मापदण्ड बमोजिमसेवा गूणस्तर मापदण्ड र पुर्वाधार मापदण्ड निर्देशिका बनाई लागु गर्नेछ ।

(२) नगरपालिकाले क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले यो ऐन र प्रचलित मापदण्ड अनुरुपकोसेवा गुणस्तर पुरा गरेको हुनुपर्नेछ।

१७. **<u>अनुगमन समितिः</u>** (१) स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण र मूल्याङ्कन गरी आवश्यक कारवाही गर्न नगरपालिकाले देहाय बमोजिमको समिति गठन गर्नेछ।

(क) नगर उपप्रमुख –संयोजक

(ख) सामाजिक विकास समिति संयोजक वा स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य -सदस्य

(ग) सम्बन्धित वडा अध्यक्ष -सदस्य

(घ) कार्यपालिकाको महिला सदस्य -सदस्य

(ङ) सम्बन्धित विषयको विज्ञ

(च) नगरपालिका स्वास्थ्य शाखा प्रमुख –सदस्य सचिव

(२) अनुगमनका क्रममा समितिले स्थानीय उपभोक्ता हित संरक्षण को क्षेत्रमा क्रियाशिल संस्थाको प्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधि र पत्रकारलाई समेत आमन्त्रण गर्न सक्नेछ।

(३) अनुगमन समिति ले नगरपालिकाबाट इजाजतपत्र लिएकार नगरपालिकाले आफैं संचालन गरेका प्रत्येक स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित क्षेत्रका विषय विज्ञ उपलब्ध हुन नसकेको अबस्थामा समितिले प्रादेशिक स्वास्थ्य कार्यालय, अस्पताल वा जिल्लास्थित सम्बन्धित क्षेत्रमा कार्यरत व्यक्तिहरूलाई सदस्यका रुपमा आमन्त्रण गर्न सक्नेछ।

(५) समितिले दफा १७ बमोजिमका स्वास्थ्य संस्थाको इजाजत र नविकरणका प्रयोजनका लागि पुर्वाधार तथा गुणस्तर अनुगमन र निरीक्षण गर्न अनुगमन समिति अन्तर्गत आवश्यकता अनुसार प्राविधिक उपसमिति गठन गर्न सक्नेछ।

(६) गुणस्तरीयता कायम गरे नगरेको सम्बन्धमा आवश्यक ठानेमा अनुगमन समितिले जुनसुकै वेला निरीक्षक खटाउन सक्नेछ।

(७) उपदफा (१) बमोजिम अनुगमन निरीक्षण गर्दाविज्ञ आवश्यक भएमा सम्बन्धित विषयका प्रादेशिक तथा संघीय तहका नियामक निकाय तथा अन्य विशेषज्ञ संस्थासंग सहकार्य गर्न सक्नेछ।

(८)अनुगमनका क्रममा मापदण्ड पालना नगरेको पाईएमा अनुगमन समितिले वस्तुस्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थामा सिलबन्दी गर्न सक्नेछ र कारवाहीका लागि सिफारिस गर्नेछ ।

(९)निरीक्षणतथा अनुगमनबाट प्राप्त नतिजाका आधारमा कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ र सो संस्थाले मापदण्डहरुको पालना नगरेका कारण जनस्वास्थ्यमा प्रभाव पर्ने देखेमा संस्था बन्द गर्ने सम्मको आदेश दिन सक्नेछ ।

(१०) अनुगमन समिति र उपसमिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(११) समितिको बैठक तथा अन्य व्यबस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-५

## स्वस्थ वातावरण तथा स्वास्थ्य जन्य फोहोर व्यवस्थापन

१८. **स्वस्थ वातावरणः**(१)नगरपालिका क्षेत्रभित्र जल, जमिन, वायु र ध्वनि प्रदुषणको रोकथाम गर्नु नगरपालिका क्षेत्रका सबै वासिन्दा तथा संस्था र निकायको जिम्मेवारी हुनेछ ।

(२) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र ध्वनि प्रदुषण रोकथामको लागिनेपाल सरकारको मापदण्ड अनुसार स्थानीय मापदण्ड तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(३) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमले जल, जमिन, वायु र ध्वनि प्रदुषण गरेको पाइएमा कार्यपालिकाले प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ।

(४)कार्यपालिकाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाई सम्बन्धी मापदण्ड निर्देशिका बनाई लागु गर्नेछ।

(५)फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य निरीक्षकसँग हुनेछ ।

(६)जाँच परिक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा सम्बन्धित जनस्वास्थ्य निरीक्षकले उक्त निकायलाई समयमै सचेत गराई आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ।

(७) फोहोरमैला व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१९. **स्वास्थ्यजन्य फोहोर व्यवस्थापनः** (१) स्वास्थ्य सम्बन्धी फोहोरमैलाको छुट्टाछुट्टै संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको लागि कार्यपालिकाले निर्देशिका बनाई लागु गर्नेछ ।

(२)कार्यपालिकाले स्वास्थ्य क्षेत्रवाट निस्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैह्रसरकारी क्षेत्रसंग समेत सहकार्य र साझेदारी गर्न सक्नेछ।

## परिच्छेद-६

## जनस्वास्थ्य निरीक्षणर प्रवर्द्धन

२०. **जनस्वास्थ्य निरीक्षणः** (१) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आमजनतालाई सुरक्षित गर्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्नेछ ।

(२) खाद्य, वातावरण, पानी लगायत जनस्वास्थ्यका अन्य पक्षहरूको गुणस्तर अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले संघ तथा प्रदेशसंगको समन्वयमा जनस्वास्थ निरीक्षक परिचालन गर्न सक्नेछ ।

(३) जनस्वास्थ्य निरीक्षणको क्रममा कुनै व्यक्तिवा संस्थाले यस ऐन र प्रचलित कानून विपरित जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमाजनस्वास्थ्य निरीक्षकलेवस्तुस्थितिको मुचुल्का बनाई र उक्तगतिविधि तत्कालको लागि बन्द गराईकारवाहीका लागि सिफारिस गर्नेछ ।

२१. **खाद्य तथा पानीको गुणस्तर** : (१) कार्यपालिकाले प्रचलित संघीय र प्रादेशिक मापदण्डको आधारमा नगरपालिका क्षेत्रभित्र बिक्री तथा वितरण हुने खानेपानी तथा खाद्य सामग्रीको गुणस्तर मापदण्डका साथै त्यसका विक्रेता वा आपूर्तिकर्ताको मापदण्ड बनाई लागु गर्न सक्नेछ।

(२) कार्यपालिकाले संघीय तथा प्रादेशिक तहबाट स्थापित खानेपानी तथा खाद्य सामग्री गुणस्तर मापदण्डको आधारमा स्थानीय मापदण्ड बनाई खानेपानी तथा खाद्य सामग्रीका विक्रेता तथा आपूर्तिकर्तालाई संचालन अनुमति दिनेछ ।

(३) कार्यपालिकाले नियमित रूपमा मापदण्ड पालना भए-नभएको सन्दर्भमा जनस्वास्थ्य निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ ।

(४) कार्यपालिकाले योजना बनाई नगरपालिका क्षेत्र भित्र अस्वस्थकर खाद्य पदार्थको उपभोग निरुत्साहित पार्ने तथा सन्तुलित आहार सम्बन्धि चेतनामुलक कार्यक्रम संचालन गर्नेछ ।

(५) कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र खानेपानीको गुणस्तर सुनिश्चित गर्न खानेपानीका स्रोतको उचित संरक्षणगर्नेछ ।

(६)कार्यपालिकाले खाद्यसामग्रीको उत्पादन तथा वितरणमा किटनाशक औषधि वा मानव स्वास्थ्यको प्रतिकूल हुने रसायनको प्रयोगको अनुगमन तथा नियन्त्रण गर्नेछ ।

(७)खाद्यान्न, मासु र पानी लगायतका उपभोग्य बस्तु उत्पादन , भण्डारण, ओसार पसार तथा बिक्री वितरण सम्बन्धी नगरपालिकाले तोकेको न्युनतम मापदण्ड अनिवार्य पालना गर्नुपर्ने छ । यसरी तोकिएका मापदण्डहरु गल्ली, ठेला वा अन्य स्थान तथा साधनहरु प्रयोग गरी बिक्री वितरण गर्ने निकायहरुलाई समेत लागु हुनेछ ।

(८) माथि उल्लेखित संस्थाहरूले वितरण गर्ने खाद्य पदार्थले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ । यसरी जाँच परिक्षण गर्दा निरीक्षकले नेपाल सरकारले तोकेको मापदण्डलाई समेत आधार बनाउनुपर्नेछ ।

(९) जाँच परिक्षणमा कुनै संस्थाले वितरण गरेको खाद्य पदार्थले मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको वा कुनै व्यक्ति बिरामी परेको यथेष्ठ प्रमाण भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त संस्थाको संचालन अनुमति तोकेको समयका लागि कारवाहीका लागि सिफारिश गर्न सक्नेछ ।

२२. **<u>अखाद्य पदार्थ, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन</u>**:(१) कार्यपालिकाले सुर्ती, मदिरा तथा अखाद्य पदार्थलाई नियमन गर्न नेपाल सरकारले तोकेको मापदण्डलाई आधार मानी सुर्ती, मदिरा तथा अखाद्य पदार्थको विक्री तथा वितरणलाई नियमन, नियन्त्रण तथा मर्यादित बनाउन निर्देशिका बनाई कार्यान्वयन गर्नेछ ।

(२) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरणका लागि नगरपालिकावाट छुट्टै इजाजतपत्र लिनुपर्नेछ।

(३) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ वितरण गर्न बन्देज लगाउन सक्नेछ।

(४) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण र प्रयोगमा नियन्त्रण एवं न्युनिकरण गर्नकार्यपालिकाले निशेधित र विक्रि वितरणका लागि खुला क्षेत्र तोक्न सक्नेछ।

(५)नगरपालिका भित्र मदिरा,चुरोट,सुर्ती लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामग्रीको विज्ञापनलाई न्यूनिकरण तथा निरुत्साहित गर्नेछ ।

(६)विद्यालय, स्वास्थ्यसंस्था लगायतका स्थानमा कार्यपालिकाले जंक फुड, मदिरा तथा सुर्तिजन्य पदार्थको विक्री वितरण, प्रचार र उपभोग निषेधित गर्ने छ। निषेधित क्षेत्रमा जंक फुडकोविक्री, वितरण, प्रचार गरेको पाइएमा सम्बन्धित विद्यालय तथा त्यस्तो जंक फुडको बिक्री, वितरण वा प्रचार गर्ने व्यक्ति वा संस्था वा दुवैलाई तोकिए बमोजिम कारवाही हुनेछ ।

(७) सुर्ती तथा मदिराजन्य पदार्थ नियन्त्रण र नियमन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनन बमोजिम हुनेछ।

## परिच्छेद-७

## <u>स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापन</u>

२३. **<u>स्वास्थ्य पुर्वाधार र मापदण्ड</u>**:(१) नगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्रका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धि भौतिक पूर्वाधारको संरक्षण र सम्वर्द्धन गर्नेछ ।

(२) नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य संस्थाको वर्गिकरण र प्रचलित स्वास्थ्य पुर्वाधार मापदण्ड बमोजिम नगरपालिकाले न्युनतम पुर्वाधार मापदण्ड वनाई स्वास्थ्य संस्थाका पूर्वाधारको निर्माण तथा मर्मतसम्भार गर्नेछ।

(३)नगरपालिकाले नगरपालिकाको स्वामित्व रहेका स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य संस्थाको वर्गीकरण तथा पूर्वाधार मापदण्ड अनुसार न्युनतम औजार-उपकरणहरूको उपलब्धता सुनिश्चित गर्नेछ।

(३) उपदफा (२) बमोजिम नगरपालिकाले मापदण्ड नबनाउने बेलासम्म नेपाल सरकारको प्रचलित मापदण्ड बमोजिम हुनेछ।

२४. **जनशक्तिको व्यवस्थापनः**(१) नगरपालिका भित्रका स्वास्थ्य संस्थामार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि देहाय बमोजिमको जनशक्ति रहनेछ।

(क) स्थायी (नेपाल सरकारको स्वास्थ्य सेवावाट समायोजन भइ आएका स्वास्थ्य जनशक्ति र लोकसेवावाट पदपुर्ति हुने स्थायी जनशक्ति)

(ख) करार (करार सेवामा भर्ना गरिएका जनशक्ति)

(ग) अभ्यासकर्ता(छात्रवृति प्राप्त गरि अध्ययनरत विद्यार्थीहरूले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा नगरपालिकाको पूर्ण वा आंशिक रुपमा सहयोग प्राप्त गरी अध्ययन गरेका विद्यार्थी)

(घ) स्थानीय स्वास्थ्य अभियानकर्ता/स्वयंसेविका

(२) नगरपालिकाले स्वीकृत संरचना अनुरूपको आवश्यक जनशक्ति स्थायी र करार कर्मचारीबाट पदपूर्ति गर्नेछ ।

(३) नगरपालिकाले जनशक्तिको क्षमता अभिवृद्धिको लागि प्रादेशिक वा संघीय तहका सम्बन्धित निकाय वा अन्य संस्थाको सहयोगमा आवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ ।

(४)नगरपालिका क्षेत्रभित्र स्वास्थ्यकर्मीहरूको लागि कार्यमैत्री वातावरण तथा पेशागत सुरक्षाको व्यवस्था हुनेछ ।

(५) स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरूको योग्यता, नियुक्तिको प्रकृया,सेवासुविधा र तालिम सम्वन्धमा कार्यपालिकाले छुट्टै कार्यविधि वनाई व्यवस्थित गर्नेछ।

२५. **पदपूर्ति**: (१) नगरपालिकाका स्वास्थ्य सेवाका कर्मचारीहरू स्थानीय सेवा ऐन बमोजिम प्रदेश लोकसेवा आयोगबाट पदपूर्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय सेवा ऐन नबनेसम्मका लागि प्रचलित कानून बमोजिम स्वीकृत संरचना अनुरूपको आवश्यक जनशक्ति नगरपालिकाको अनुरोधमा प्रदेश लोकसेवा आयोगबाट पदपूर्ति गर्न बाधा पर्नेछैन ।

२६. **सरुवा गर्न सक्नेः** (१) नगरपालिकाले आफू अन्तर्गतको स्वास्थ्य सेवाको कुनै कर्मचारीलाई प्रचलित कानूनको अधीनमा रही एउटा स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थाको समान पदमा सरुवा गर्न सक्नेछ ।

(२) उप दफा (१) बमोजिम कर्मचारी सरुवा गर्दा लिइने आधार तथा मापदण्ड नगरपालिकाले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम सरुवा गर्दा कर्मचारी कार्यरत स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवालाई प्रतिकूल प्रभाव पार्न पाइने छैन।

२७. **काजमा खटाउन सकिने**: (१) नगरपालिकाभित्रको स्वास्थ्य सेवालाई व्यवस्थित गर्न आफू मातहतको स्वास्थ्य संस्थाको कुनै स्थायी कर्मचारीलाईअर्को स्वास्थ्य संस्था मा काजमा खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम काजमा खटाउँदा कर्मचारी कार्यरत स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवालाई प्रतिकूल प्रभाव पार्न पाइने छैन।

२८. **विशेष पदको सृजना** : (१) नगरपालिकाले देहायको अवस्थामा विशेष पदको सृजना गर्न सक्नेछ :–

(क) कुनै कर्मचारी छात्रवृत्ति प्राप्त गरी वा नगरपालिकाको स्वीकृतिमा अध्ययन वा ३ महिना भन्दा लामो अवधिको तालीममा खटिएमा,

(ख) कुनै कर्मचारीले ३ महिना भन्दा बढी बिदा लिई बसेमा,

(ग) नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको संगठन संरचना तयार गर्दा फाजिलमा परेको कर्मचारीको पदाधिकार कायम राख्नु पर्ने भएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य संस्थाबाट विशेषज्ञ सेवा वा अतिरिक्त स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि विशेष पदको सृजना गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) को अवस्था विद्यमान नरहेमा त्यसरी सृजना भएको विशेष पद स्वतः खारेज भई कर्मचारी स्वत: अवकाश हुनेछ ।

(४) यस दफा बमोजिमको विशेष पदमा पदपूर्ति गर्दा योग्यता प्रणाली अवलम्बन गरी खुला प्रतिस्पर्धाबाट छनौट गरी करार सेवामा कर्मचारी नियुक्ति हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखेको भए तापनि नगरपालिकामा विपद् वा जनस्वास्थ्य सम्बन्धि आपतकालिन अबस्था सिर्जना हुँदा वा यस ऐन बमोजिम आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउन कार्यपालिकाले अवस्था र आवश्यकता हेरी करारमा अतिरिक्त स्वास्थ्य जनशक्ति थप गर्न यो दफाले वाधा पुऱ्याउने छैन।

२९. **कर्मचारीको सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था**:(१) नगरपालिकाभित्रको स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूको सेवा शर्त सम्बन्धी व्यवस्था स्थानीय सेवा ऐन बमोजिम हुनेछ ।

(२) उप दफा (१) बमोजिमको ऐन नबनेसम्म कर्मचारीको सेवा शर्त सम्बन्धी व्यवस्था निज नियुक्त हुँदाका बखत कायम रहेको प्रचलित कानून बमोजिम हुनेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखेको भए तापनि नगरपालिकाले स्थानीय स्रोत साधनको उपलव्धता र कार्यबोझको प्रकृति हेरी स्वास्थ्यकर्मीलाई उत्प्रेरित गर्न प्रोत्साहन स्वरुप अतिरिक्त सुविधा उपलव्ध गराउन तथा जिम्मेवारी पुरा नगरेमा कानून बमोजिम कारवाही यस ऐनले बाधा पुर्या उने छैन।

(४)स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरूको योग्यता, नियुक्तिको प्रकृया, सेवासुविधा र तालिम सम्वन्धमा कार्यपालिकाले छुट्टै कार्यविधि वनाई व्यवस्थित गर्नेछ।

(५)स्वास्थ्य जनशक्तिकोसेवा सुविधा तथा अन्य व्यवस्था स्थानीय सेवा ऐन बमोजिम हुनेछ।

(६)उपदफा (५) बमोजिमको स्थानीय सेवा ऐन नबनेसम्मका लागि प्रचलित कानुन बमोजिम जनशक्ति व्यवस्थापन हुनेछ।

३०. **सेवा करार गर्न सकिनेः** नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा चिकित्सक वा अन्य स्वास्थ्यकर्मीको पद स्थायी पदपुर्ति नभएसम्म प्रचलित कानून र मापदण्ड अनुसार स्वीकृत दरवन्दीमा सेवा करार गरी वा करार सेवामा नियुक्ति गरी कामकाज लागाउन सक्नेछ।

३१. **कार्यसम्पादन करार गर्नुपर्ने** : (१) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन कार्यपालिकाले कर्मचारीहरूसंग छुट्टाछुट्टै कार्यसम्पादन करार गर्नेछ।

(२) कार्यसम्पादन करार अनुसार काम भए नभएको सम्बन्धमा कार्यपालिकाले कर्मचारीको कार्यक्षमताको मुल्याङकन गरि राम्रो काम गर्ने कर्मचारीलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्न सक्नेछ।

## परिच्छेद-८

## औषधि तथा स्वास्थ्य उपकरणको खरिद तथा भण्डारण, वितरण,नियमन

३२. **खरीद योजना बनाउनु पर्नेः** (१) शाखाले आफ्नो क्षेत्रभित्र बार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरीद तथा व्यवस्थापन गर्न बार्षिक खरीद योजना बनाई कारयपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) बार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरीद इकाईले तयार गर्नेछ।

(३) खरीद योजना तयार गर्दा नगरपालिकाका स्वास्थ्य संस्थाबाट वितरण गर्ने औषधिको माग र आपुर्तिको अवस्था समेत हेरी गर्नेछ।

(४) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले बहुवार्षिक खरीद योजना बनाउन सक्नेछ।

३३. **औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरीदः** (१) औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिदका लागि नगरपालिका स्वास्थ्य शाखाले प्रक्रिया अगाडी बढाउने छ ।

(२) औषधी तथा स्वास्थ्यजन्य समाग्रीको खरिद कार्य सार्वजनिक खरीद ऐन ,२०६३, सार्वजनिक खरीद नियमावली, २०६४ र प्रचलित कानून बमोजिम हुनेछ ।

३४. **औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको भण्डारणः** (१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको लागि प्रचलित मापदण्ड पुरा हुने गरी छुट्टै भण्डारण कक्षको व्यवस्था गर्नुपर्नेछ ।

(२) नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी बितरण सम्वन्धी विस्तृत बिवरण सम्वन्धित स्वास्थ्य संस्थाले त्रैमासिक रुपमा स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ।

(३) स्वास्थ्य संस्थाले उपदफा (२) बमोजिम बुझाएको विवरणका आधारमा स्वास्थ्य संस्थामा मौज्दाज रहेको औषधीको अबस्था हेरी नियमित रुपमाथप औषधी उपलब्ध गराउने छ।

३५. **फार्मेसी संचालन गर्न सक्नेः**(१) नगरपालिकाले नगरवासीलाई सुपथ मूल्यमा गुणस्तरीय औषधी उपलब्ध गराउने प्रयोजनको लागि आफैले छुटटै फार्मेसी संचालन गर्न सक्नेछ।

(२) फार्मेसी संचालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

३६. **नियमनः** (१) नगरपालिकालेसंघीय तथा प्रादेशिक तहका प्रचलित कानुन समेतलाई आधार मानी नगरपालिका क्षेत्रभित्र औषधिको विक्री, वितरण तथा प्रयोगको नियमन गर्नेछ ।

## परिच्छेद-९

## साझेदारी र सहकार्य

३७. **साझेदारी र सहकार्य गर्न सक्नेः**(१) नगरपालिकालेआधारभूत तथा अन्य स्वास्थ्य सेवा प्रवाह गर्न तथा यस ऐनको कार्यान्वयन गर्न प्रचलित कानुनको अधीनमा रही आवश्यकता अनुसार स्थानीय, प्रादेशिक तथा संघीय तहमा कार्यरत सरकारी, निजी तथा गैरसरकारी संघ-संस्था तथा निकायसंग सहकार्य गर्न सक्नेछ।

(२)सेवा प्रवाहको सुलभता वा खर्च न्यूनिकरणको लागि नगरपालिकाले अन्य स्थानीय सरकारसंग सहकार्य गरी आफ्नै क्षेत्रभित्र वा नजिकको पायक पर्ने स्थानीय तहमा संचालित स्वास्थ्य संस्थामार्फत सेवा प्रवाह गराउन सक्नेछ ।

(३)उपदफा(२)बमोजिमको सहकार्य गर्न कार्यपालिकाले अन्य नगरपालिकासंग लक्षित जनसंख्याको अनुपातको आधारमा वा सेवाग्राही संख्याको अनुपातको आधारमाखर्च बांडफांड गर्ने गरी संयुक्त सेवा सम्झौता गर्न सक्नेछ।

३८. **सेवा खरिद सम्झौता गर्न सक्ने :** नगरपालिका क्षेत्रका वासिन्दालाई स्वास्थ्य सेवा सुनिश्चित गर्नको लागि कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र संचालित वा नगरपालिका आसपासमा पायक पर्ने स्थानमा संचालित निजी, गैरसरकारी, सामुदायिक, सरकारी वा सहकारी संस्थाले संचालन गरेका स्वास्थ्य संस्थासंग सेवा खरिद सम्झौता गर्न सक्नेछ।

३९. **विद्यालय स्वास्थ्य सेवा :**(१) नगरपालिकाले सरकारी तथा निजी शैक्षिक निकाय तथा विद्यालयहरुसँग सहकार्य गरी विद्यालय स्वास्थ्य सेवा प्रदान गर्न विद्यालय नर्सको व्यवस्था गर्न सक्नेछ ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्बन्धि व्यवस्थाको प्रकृति र मापदण्डहरु कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

४०. **घुम्ती शिविर सम्बन्धि व्यवस्था :** (१) नगरपालिका आफैले वा अन्य संघ संस्थासंगको साझेदारीमा आवश्यकता अनुसार प्रत्येक वडामा घुम्ति शिविरमार्फत स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछ।

(२) निजी तथा गैरसरकारी संस्थाले स्वास्थ्य सम्बन्धि घुम्ती शिविर वा स्वास्थ्य सम्वन्धि अन्य सेवा तथा कार्यक्रम हरु प्रचलित कानून बमोजिम अनुमति लिई स्वास्थ्यशाखाको समन्वयमा सञ्चालन गर्नु पर्नेछ।

(३) घुम्ती स्वास्थ्य शिविर वा सेवाहरु प्रदान गर्दा पूरा गर्नु पर्ने प्रकृया र मापदण्ड नगरपालिकाले तोकेबमोजिम हुनेछ।

## परिच्छेद १०

## प्रेषण र स्वास्थ्य सूचना प्रणाली

४१. **प्रेषण तथा उपचार प्रणाली:** (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ ।

(२)उपदफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्नसक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ ।

(३)कार्यपालिकाले संघीय तथा प्रादेशिक कानुन, नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न प्रेषण प्रणाली लागु गर्नेछ।

४२. **तथ्याङ्क संकलन र अभिलेखिकरण**: (१)नगरपालिकाले आफ्नो क्षेत्रमा घरपरिवार तहसम्मको स्वास्थ्य सम्बन्धि विस्तृत तथ्यांक र अभिलेख संकलन गरी नियमित रूपमा अद्यावधिक गर्ने पद्धति विकास गर्नेछ।

(२) नगरपालिका क्षेत्रभित्रका सरकारी तथा गैरसरकारी र निजी सबै स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको रोग, बिरामी तथा सेवासम्बन्धी तथ्यांक र अभिलेख नगर स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा नियमित रुपमा अद्यावधिक गराउनेछ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रुपमा राख्नुपर्नेछ ।

(४)नगरपालिका वा इजाजतपत्र स्वास्थ्य संस्था वा अनुमतिप्राप्त स्वास्थ्यकर्मी ले संकलन गरेको स्वास्थ्य संग सम्वन्धित व्यक्तिगत सूचना , कागजात तथा अभिलेखकोगोपनियताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा जिम्मेवारप्राप्त व्यक्तिको दायित्व हुनेछ।

(५)नगरपालिका तथा वडा तहकास्वास्थ्य सम्बन्धि सूचकांकहरू नियमित रूपले अद्यावधिक गरी सार्वजनिक गर्नेछ।

(६)कार्यपालिकाले स्वास्थ्य सम्बन्धी सूचना प्रादेशिक तह तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउने छ।

(७)नगरपालिकाले आवधिक रूपमानगर स्वास्थ्य सर्वेक्षण गर्नेछ।

४३. **जानकारी दिनुपर्ने**:बिरामीलाई आफ्नो उपचार सम्बन्धी सम्पुर्ण जानकारी पाउने हक हुनेछ । सो जानकारी उपलब्ध गराउनु स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ।

## परिच्छेद-११

## आकस्मिक स्वास्थ्य सेवा र जनस्वास्थ्य आपतकाल

४४. **आकस्मिक सेवाबाट बन्देज नगरिने** :(१) नगरपालिका क्षेत्रमा संचालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि बिरामी व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन ।

(२) स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्यकर्मीले आवश्यकता अनुसार कुनै पनि ब्यक्तिलाई जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एंव स्वास्थ्यकर्मीको कर्तव्य र दायित्व हुनेछ ।

(३) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवा व्यवस्थित गर्नको लागि बिरामीको अवस्थाको गम्भीरताको आधारमा वर्गीकरण गरी प्राथमिकता तोकी उपचार गर्न सक्नेछ।

(४)उपदफा(१)कोआकस्मिक उपचार खर्च व्यवस्थापन गर्नको लागि नगरपालिकाले छुट्टै आकस्मिक उपचार कोषको व्यवस्था गर्नेछ।

४५. **एम्बुलेन्स तथा शववाहन सेवा**ः(१) नगरपालिकाले आफ्नै स्रोतबाट वा अन्य स्थानीय सरकार तथा संस्थासंगको सहकार्यमा नेपाल सरकारले तोकेको प्रचलित मापदण्ड बमोजिम एम्बुलेन्स तथा शववहान सेवा संचालन गर्न सक्नेछ।

(२) शाखाले नगरपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्स तथा शववहानहरू नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप भए नभएको अनुगमन गर्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्स तथा शववहान हरू संचालकले शाखामा दर्ता तथा वार्षिक नवीकरण गराउनु पर्नेछ।

४६. **जनस्वास्थ्य आपतकाल**ः (१) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा नगरपालिका प्रमुखले प्रदेश तथा संघीय सरकारसंग समन्वय गरि स्थानीय जनस्वास्थ्य अधिकारीको सिफारिशमा आफ्नो क्षेत्रभित्र जनस्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो सो र कुन कुन क्षेत्रमा सो लागु हुने हो सो समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(३)आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धि जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नु पर्नेछ ।

(४)आपतकालीन स्वास्थ्य अवस्थाको समयावधि क्षेत्र लगायत तथा अन्य पक्षहरूमा उपलब्ध तथ्यांक तथा सूचनाका आधारमा थपघट वा हटाउन समेत सकिनेछ।

(५) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि जनस्वास्थ्य अधिकारीको सिफारिशमा प्रमुखले जारी गरेका जनस्वास्थ्य सम्बन्धि आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

(६) नगरपालिकाले महामारी र आपतकलिन अवस्थामा थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि विभिन्न संघसंस्था अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकारसंग अनुरोध गर्न सक्नेछ।

## परिच्छेद- १२

## सेवाग्राहीको कर्तव्य र सेवा प्रदायकको दायित्व

४७. **सेवाग्राहीको कर्तव्य**ः (१)प्रत्येक व्यक्ति नियमित रुपमा आफूलाइ पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु तथा राय सुझाव लिनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(२) आफ्नो स्वास्थ्यको सम्वन्धमा सचेत रहने र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवं शिष्ट व्यवहार गर्नु नगरपालिका भित्रका प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

४८. **सेवा प्रदायक र स्वास्थ्यकर्मीको दायित्व**: (१) नागरिकलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु सेवा प्रदायकको दायित्व हुनेछ ।

(२) यस ऐन बमोजिम स्वास्थ्यकर्मीले उपचार गर्दा सवै सेवाग्राही प्रति समान व्यवहार गर्नु र भेदभाव नगरी सेवा दिनु सबै स्वाथ्यकर्मीको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकिकरण गर्नसक्नेछ ।

(४) स्वास्थ्यकर्मीलाई पेशागत सुरक्षा र कार्यमैत्री वातावरणको हक हुनेछ।

४९. **स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईने** : स्वास्थ्य सेवा अत्यावश्य क सेवा भएकोले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाईने छैन ।

५०. **गुनासो व्यवस्थापन**: कार्यपालिकाले स्वास्थ्य सेवा र जनस्वास्थ्यसंग सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि सिफारिस गर्न एक अधिकारी तोक्ने छ ।

## परिच्छेद-१३

## दण्ड, जरिवाना र क्षतिपुर्ति

५१. **कसूर गरेको मानिने**:(१) कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः–

(क) दफा १७ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) स्वस्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने सामान्य आकस्मिक उपचार नगरेमा,

(घ) दफा ४८(२)बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(ङ) दफा ४२(४)बमोजिम गोपनीयता कायम नगरेमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐनअन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

(ञ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम , मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ट) दफा २१ बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पारेमा,

(ठ) दफा २२ विपरीत कसैले विज्ञापन गरेको पाइएमा,

(ड) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम , मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै कार्य गरेमा ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको कसूर गरेमा संघीय जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम हुनेछ,

५२. **जरिवाना**:(१)दफा ५१ को उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट) र (ड) बमोजिमको कसूर गरेमा नगरपालिकाले पच्चीस हजारदेखि पचास हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ५१ को उपदफा (१) को खण्ड (ठ) बमोजिमको कसूर गरेमा विज्ञापन प्रशारण गर्नेलाई नगरपालिकले दश हजार रुपैयाँ जरिबाना गर्न सक्नेछ ।

(३) दण्ड,सजाय र जरिवाना सम्बन्धि अन्य ब्यबस्था प्रचलित कानून बमोजिम हुनेछ ।

५३. **क्षतिपुर्ति दिनुपर्ने** : (१)नगरपालिकाभित्र कुनै व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम , निर्देशिका वा मापदण्ड विपरीतका गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमात्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत कार्यपालिका वा तोकिएको निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुर्यालउने व्यक्ति,संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

५४. **पुनरावेदन दिन सक्ने** :दफा ५२ बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद १४

## स्थानीय जनस्वास्थ्य बोर्ड र नगर स्वास्थ्य योजना

**५५. स्थानीय जनस्वास्थ्य बोर्डको गठन**: (१)नगरपालिकाले जनस्वास्थ्यसँग सरोकार निकायका उच्च अधिकारीहरु तथा विज्ञहरुको संलग्नता हुने गरी निम्न बमोजिमको जनस्वास्थ्य परिषद वा बोर्ड स्थापना गर्नेछ ।

(क) नगरपालिकाप्रमुख –अध्यक्ष

(ख) नगरपालिका उपप्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(घ) स्थानीय स्वास्थ्यसंग सम्वन्धित समिति प्रमुख –सदस्य

(ङ) स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य -सदस्य

(च) काननु शाखा प्रमुख वा कानुनी सल्लाहकार -सदस्य

(छ) स्थानीय अस्पताल /स्वास्थ्य संस्था मा कार्यरत चिकित्सक/स्वास्थ्यकर्मी मध्ये नगरपालिका प्रमुखले तोकेको एक महिला सहित २ जना -सदस्य

(ज) समितिले मनोनित गर्ने स्वास्थ्य र शिक्षा क्षेत्रका विज्ञ २ जना- सदस्य

(झ) स्थानीय स्वास्थ्य शाखा प्रमुख –सदस्य सचिव

(२) बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) बोर्डले देहायका कार्य गर्नेछः –

(१) स्थानीयस्तरमा स्वास्थ्य सुरक्षा , सम्बर्धन र सुधार सम्बन्धी नीति निर्धारण गर्ने,

(२) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने,

(३) राष्ट्रिय स्वास्थ्य योजना र नीति तर्जुमाको अनुसरण गर्ने गराउने,

(४) जनस्वास्थ्य सम्बन्धि राष्ट्रिय रणनीति, ढाँचा वा नियमनहरुलाई स्थानीय स्तरमा लागु गर्न

सम्बन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन तथा अनुगमन गर्ने,

(५) रोगहरुको रोकथाम , प्रबर्धनात्मक कार्य लगायत जनस्वास्थ्यको सुधार सम्बन्धि कुनै पनि विषयमा प्रदेश तथा संघीय सरकार सँग आवश्यक सहयोग तथा परामर्श लिने ।

(६) तोकिएबमोजिमको अन्य कार्य गर्ने।

(ख) बोर्डले स्वास्थ्यसँग सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न समिति वा उप-समिति गठन गर्ने।

(३) बोर्ड(परिषद्) सम्बन्धि अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५६. **स्वास्थ्य सम्वन्धि योजना तर्जुमा र कार्यक्रम संचालन गर्ने** : कार्यपालिकाले लक्ष्य निर्धारण गरीयोजना निर्माण, कार्यन्वयन, मुल्याङ्कन तथा समिक्षाको कार्यतालिका बनाई स्थानीय आवश्यकता अनुसार नियमित रुपमा स्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक तथा पुनर्स्थापना सम्बन्धी कार्यक्रमहरू संचालन गर्नेछ।

५७. **समन्वय गर्ने**:राष्ट्रिय तथा प्रादेशिक जनस्वास्थ्य अभियानमा नगरपालिकाले समन्वय र सहयोग पुर्यातउने छ।

५८.**पोषण कार्यक्रम संचालन गर्ने** : (१) नगरपालिकाले गर्भवति महिला, आमा र शिशुको लागि पोषण सुरक्षा कार्यक्रमको संचालन र प्रवर्द्धन गर्नेछ ।

(२) नगरपालिकाले योजना बनाई स्तनपान प्रवर्द्धनका कार्यक्रम संचालन गर्नेछ।

(३) नगरपालिकाले योजना बनाई नगरपालिका क्षेत्रभित्र कुपोषणको पहिचान, न्युनिकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका साथै अति कुपोषित बालबालिकाको पुनर्स्थापनाको कार्यक्रम संचालन गर्नेछ।

५९. **सामाजिक सुरक्षा र स्वास्थ्य वीमा** : (१) नगरपालिका क्षेत्रका सबै वासिन्दालाई कानून बमोजिम अनिवार्य स्वास्थ्य विमामा आवद्ध गराउनु नगरपालिकाको दायीत्व हुनेछ ।

(२) नगरपालिकाले सम्बन्धित निकायसंगको सहकार्यमा सामाजिक सुरक्षा सम्बन्धी जनचेतनाका कार्यक्रम संचालन गर्न सक्नेछ ।

(३) नगरपालिकाले आर्थिक रूपले विपन्न तथा स्वास्थ्य सेवामा पहुँच नभएका अन्य लक्षित समुहका नागरिकलाई निःशुल्क रुपमा स्वास्थ्य वीमा मा आवद्ध गराउन आवश्यक प्रवन्ध गर्नेछ।

(५) महिला, बालबालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, जेष्ठ नागरिकरस्वास्थ्य सेवामा पहुँच नभएका अन्य लक्षित समुहहरुका लागि नगरपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(६)नगरपालिकाले विशेष संरक्षणको आवश्यकता भएका महिला, बालबालिका,ज्येष्ठ नागरिक, अपाङ्गता भएका, अशक्त र अन्य लक्षित समुहहरूका लागि प्रदेश तथा संघको समन्वयमा आवश्यक संरक्षणको व्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद १५

## विविध

६०. **नियम बनाउन सक्ने** : यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आबश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नगरपालिका को स्थानीय राजपत्रमा प्रकाशन भ एपछि लागु हुनेछ ।

६१. **मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने** : यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

६२. **अधिकार प्रयोग गर्न सक्ने**: यस ऐनमा सभाले गर्ने भनि तोकेको बाहेक अन्य अधिकारहरू कार्यपालिकाले प्रयोग गर्न सक्नेछ।

६३. **प्रचलित कानून वमोजिम हुने**: यस ऐनमा लेखिएजति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

६४. **अधिकार प्रत्यायोजन गर्न सक्ने**: कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार शाखामा प्रत्यायोजन गर्न सक्नेछ ।

**आज्ञाले,**
**रचिन्द्र डङ्गोल**
**प्रमुख प्रशासकीय अधिकृत**

मिथिला नगरपालिका, ढल्केवर, धनुषामा मुद्रित । मूल्य रू १५।-

मिथिला नगरपालिका